दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ६१ | बुटवल | २०८१ फागुन १२, गते सोमबार | नेपाल संवत ११४५ | Monday Feb. 24, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## सम्पति छानविन आयोग बनाऔं : गगन



रोल्पा । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले माओवादीको सशष्त्र युद्ध जनयुद्ध नभएर धनयुद्ध भएको आरोप लगाएका छन् ।

रोल्पामा नेपाली कांग्रेसको दोस्रो जिल्ला सम्मेलनलाई सम्बोधन गर्दै उनले माओवादीको युद्धलाई व्यक्तिहत्याको राजनीतिको आरोप समेत लगाए ।

थापाले माओवादीले गरेको हतियारको राजनीतिले देशमा धेरै समस्या सिर्जना गरेको र यसले नागरिकहरूमा छटपटि निम्त्याएको बताए ।

थापाले नेपाली कांग्रेसले प्रजातन्त्र बहालीपछि गरेका महत्वपूर्ण कामहरूको बारेमा जनतालाई जानकारी दिन आवश्यक रहेको बताए । उनले कांग्रेसले शान्ति प्रक्रियालाई टुंगो लगाउने र संविधानलाई पूर्णता दिने काममा नेतृत्व गरेको दाबी गरे ।

थापाले प्रचण्डको कारणले कांग्रेस र एमाले मिल्न बाध्य भएको बताए ।

कांग्रेस नेता थापाले प्रदेश खारेज गर्ने बहस नेपाली कांग्रेसले अगाडि बढाउन नहुने बताए । नेता थापाले अहिले बढेको निराशालाई चिर्न शक्तिशाली सम्पति छानविन आयोग बनाएर जानुपर्ने जनाए ।

थापाले अहिलेको गठबन्धन निराशालाई चिर्न भएको र अब यसबाटै निकास खोज्ने जनाए । अहिले सरकारको विरोध गर्नेहरुप्रति संकेत गर्दै नेता थापाले केही भएन भन्ने गलत प्रचारलाई चिर्न जरुरी भएको जनाए ।

थापाले नेपाली कांग्रेसले समस्याको समाधानमा ध्यान दिनुपर्ने र समस्या देखाउन मात्र नभई समाधानको उपायसहित देखाउनुपर्ने बताए ।

## रेसुङ्गा विमानस्थलमा फागुनभर उडान नहुने

गुल्मी । गुल्मीको रेसुङ्गा विमानस्थलमा यो फागुन महिनाभर उडान नहुने भएको छ । विमानस्थलमा नेपाल एयरलाइन्सको सानो जहाजले उडान भर्दै आएको थियो ।

एयरलाइन्सका रेसुङ्गा कार्यालयका प्रमुख सुमन थापाका अनुसार उडान भर्दै आएको जहाजमा समस्या देखिएपछि हाललाई उडान स्थगन भएको हो ।

साना जहाज नेपाल एयरलाइन्समा दुईवटा छन् । 'एउटा जहाज पहिले नै बिग्रिएको र बाँकी अर्को जहाजको पनि इन्जिनमा समस्या आएपछि उडानमा समस्या आएको हो । जहाज हाल बिग्रेर मर्मतका लागि काठमाडौंमा छ', उनले भने-'फागुनभर पनि उडान हुने कुनै सम्भावना छैन ।' प्रमुख थापाले विदेशबाट सामग्री ल्याएर बनाउनुपर्दा समय बढी लागेको बताए ।

रेसुङ्गा विमानस्थलमा पछिल्लोपटक एयरलाइन्सले २०८१ मङ्सिर २४ मा तम्घास-काठमाडौं उडान भरेको थियो ।

विसं २०७९ बैशाख ३ गते पहिलो उडान भएको विमानस्थलमा झण्डै २० महिनामा ९० वटामात्र उडान भएका छन् ।

उक्त उडानमध्ये तम्घास-काठमाडौं एक हजार एक सय ६५ र काठमाडौं-तम्घास एक हजार ८८ यात्रीले सेवा पाएको स्टेशन इञ्चार्ज थापाको भनाइ छ । जहाजले एकपटकमा १९ जनासम्म यात्री बोक्न सक्छ। विमानस्थलमा उडान भए पनि कर्मचारी भने तीन जना छन् ।

### प्यूठानमा दम्पती हत्या :

# प्रहरीलाई दोषी पत्ता लगाइदिन भनेका भतिज नै हत्यामा संलग्न



**लुम्बिनी संवाददाता**
*प्यूठान*

प्यूठान रातापानीका ६० वर्षीय रामबहादुर परियार र उनकी श्रीमती हुकुमा परियारको हत्या भएको घटनामा संलग्न व्यक्ति मृतककै भतिज भएको खुलेको छ ।

माण्डवी गाउँपालिका-२ रातापानीका ३४ वर्षीय पंकज परियारलाई प्रहरीले पक्राउ गरेको छ । घटना भएपछि पंकजले नै प्रहरीलाई काका काकीको हतया भएकाले अनुसन्धान गरिदिन खबर गरेका थिए । तर प्रहरीले अनुसन्धान गर्दै जाँदा पंकज स्वयं नै हत्यामा संलग्न रहेको खुलेको हो । उनै पंकजले दम्पतीको हत्या गरेको पाइएको जिल्ला प्रहरी कार्यालय प्यूठानका डीएसपी दिपेश बस्यालले बताए । हत्या आरोपमा पक्राउ परेका पंकज मृतक दम्पतीका दाइको छोरा हुन् ।

छिमेकीले टेलिफोनमार्फत् जानकारी गराएपछि स्थानीय प्रहरी चौकी तिरामबाट प्रहरी खटिएको थियो । पछि जिल्लाबाट डीएसपी बस्यालको टिम अनुसन्धानका लागि खटिएको थियो ।

अनुसन्धानको क्रममा टाउकामा प्रहार गरेर बीभत्स तरिकाले हत्या गरेको देखिएको थियो । अनुसन्धान गर्दै जाँदा प्रहरीले घरबाट करिब ५० मिटर टाढा रगत लतपतिएको घन समेत फेला पारेको थियो ।

अपरेशन माण्डवी नाम दिएर अनुसन्धान गरेको प्रहरीले अन्ततः २४ घण्टा नबित्दै हत्या आरोपमा पंकजलाई पक्राउ गरेको छ ।

मृतक परियार दम्पतीका चार छोराहरू रहेकोमा सबै जना वैदेशिक रोजगारीमा भारतमा रहेका छन् । तीन छोरीहरू पनि विवाह गरेर दाङमा बस्दै आएका छन् । घरमा परियार दम्पती मात्रै बस्दै आएका थिए ।

प्रहरीका अनुसार पंकजले आफ्नै काकाको हत्या गर्नुमा विवाहसम्बन्धी विषय जोडिएको डीएसपी बस्यालले बताए । करिब एक हप्ता अघि मात्रै पंकजलाई परियार दम्पतीले अहिलेसम्म पनि विवाह गर्न नसकेको भनेका त्यसैको इगोमा हत्या गरेको अनुसन्धानबाट देखिएको प्रहरीको भनाइ छ ।

'पंकजकी श्रीमतीले छाडेर गएपछि रामबहादुर र हुकुमाले उसलाई (पंकज)लाई थारो भनेर जिस्काइरहँदा रहेछन्, त्यहीं रिसमा हत्या गरेको प्रहरीसमक्ष स्वीकार गरेका छन,' प्रहरी प्रमुख बस्यालले भने-'दुवै जनालाई पाँच किलोको घनले टाउकोमा हानेर बिभत्स हत्या गरेको खुलेको छ । उनीहरूले प्रतिकार गर्न सकेको अवस्था देखिएन । घटनामा अन्य पनि संलग्न रहे/नरहेको बारे केही खुलेको छैन, हामीले अनुसन्धान अघि बढाइरहेका छौं ।'- उनले भने ।

प्रतिवादीको बिगतमा झैं झगडा हुने र आत्याधिक रक्सी सेवन गर्ने प्रमुख कारणले हत्या गरेको बताइएको छ । घटनामा निजले प्रयोग गरेको स्विटर, मृतकको रगत पुछेको बल्याँन्केट र मृतक हुकुमाको पटुकीमा रहेको २२० रुपियाँसहित बरामद गरेको प्रहरीले बताएको छ । खर्च भएर बाँकी रहेको २० रुपैयाँ समेत पनि पंकजले भनेको ठाउँमा प्रहरीले फेला पारेको छ ।

फागुन ९ गते राती घरमा खान खाई सुतेका उनीहरुको बिहान अबेरसम्म नउठे पछि छिमेकीले मृत अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

» बाँकी ३ पेजमा

# १७औं वार्षिकोत्सवमा राष्ट्रिय दौड र आर्थिक पत्रकारिता पुरस्कार वितरण

**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाल पत्रकार महासंघ रुपन्देहीको सहकार्यमा शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेडले स्थापना गरेको शाइन आर्थिक पत्रकारिता पुरस्कारबाट रुपन्देहीका पत्रकार दामोदर खनाल पुरस्कृत भएका छन् ।

बैंकले १७औं वार्षिकोत्सवको अवसरमा आर्थिक पत्रकारिता पुरस्कार वितरण गरेको हो । पुरस्कृत खनाललाई ५० हजार १११ रुपियाँ राशीको पुरस्कार प्रदान गरिएको हो । बैंकका अध्यक्ष थानेश्वर पौडेल एवं प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेलले एक समारोहकाबिच खनाललाई पुरस्कार प्रदान गरेका हुन् ।

अर्थशास्त्र विषयका प्राध्यापक डा. बाबुराम ज्ञवाली संयोजक रहेको छनोट समितिको सिफारिशको आधारमा खनाललाई पुरस्कार प्रदान गर्ने निर्णय भएको हो ।

शाइन रेसुङ्गा काठमाडौं बाहिर केन्द्रीय कार्यालय रहेको लुम्बिनी प्रदेशको एक मात्र राष्ट्रियस्तरको विकास बैंक हो । बैंक १७औं वर्षमा प्रवेश गरेको अवसरमा राष्ट्रियस्तरको १० किलोमिटर दौड, आर्थिक पत्रकारिता पुरस्कार वितरण र उत्कृष्ट शाखालाई पुरस्कृत गरेको हो ।

उत्कृष्ट शाखाको रुपमा कतरनिया शाखा बर्दिया, सूर्यपुरा शाखा रुपन्देही, खैरेनी शाखा गुल्मी, बिजुवार शाखा प्यूठान र योगीकुटी शाखा रुपन्देहीलाई बेस्ट म्यानेज्ड ब्रान्च अवार्डबाट सम्मान गरेको छ । बैंकका अध्यक्ष थानेश्वर पौडेलले बैंकले ग्रामीण र दुर्गम क्षेत्रमा बैंकिङ सेवाको पहुँच विस्तारलाई प्राथमिकता राखेको बताए । ग्रामीण अर्थतन्त्र बलियो बनाउने






नीति अनुसार बैंकका कूल ८८ शाखामध्ये ७० प्रतिशत शाखा ग्रामीण क्षेत्रमा सञ्चालन भएका उनले बताए ।

कर्जाको गुणस्तरमा विशेष ध्यान दिई ग्रामीण क्षेत्रमा कृषि, साना तथा मझौला उद्यमलगायतका क्षेत्रहरूमा लगानी बिस्तार,डिजिटल कारोवारलाई थप सुरक्षित र भरपर्दो बनाउँदै उत्कृष्ट विकास बैंक बन्ने लक्ष्यसहित अघि बढेको पौडेलले बताए ।

बैंकका प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेलले इथिकल बैकिङ, वित्तीय अनुशासन, उत्पादनशील क्षेत्रमा कर्जा सहज प्रवाह, डिजिटल बैंकिङ र युवा उद्यमशीलता कार्यक्रमका कारण बैंक समाजका सबै पक्षमाझ लोकप्रिय बनेको उल्लेख गरे । बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत गो ग्रीन प्रोजेक्ट अन्तर्गतहालसम्म १६ हजार रुख बिरुवा रोपेको र हरेक वर्ष एक हजार बिरुवा रोप्ने अभियान चलाएको बताए ।

यस्तै वित्तीय साक्षरतातर्फ आर्थिक वर्ष २०८०/८१ मा बैंकले विभिन्न स्थानहरुमा ११५ वटा कार्यक्रमहरु गरेको उनले बताए । नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डेले ५ वटा बैंकको सफल मर्जरबाट बनेका शाइन रेसुंगा बैंकले मोफसलबाट पनि उत्कृष्ट बैकिङ सेवासहित राष्ट्रियस्तरको बैंकको पहिचान कायम राख्न सक्ने उदाहरण शाइन रसुंगा भएको बताए ।

बैंकको अधिकृत पुँजी ८ अर्ब, जारी पुँजी ४ अर्ब ८७ करोड र चुक्ता पुँजी पनि ४ अर्ब ८७ करोड रुपैयाँ रहेको छ ।

२०८१ पुस मसान्तसम्मको वित्तीय विवरणअनुसार बैंकको निक्षेप संकलन ६९ अर्ब ७२ करोड रहेको छ। कर्जा लगानीतर्फ ५७ अर्ब ४९ करोड रहेको बैंकका नायब प्रमुख कार्यकारी अधिकृत लोकराज पनेरुले जानकारी दिए ।

यसैबिच बैंकले १० मिलोमिटर दौडमा सर्वाधिक पुरस्कार राशीको 'साइन रेसुंगा राष्ट्रिय टेन के रन' प्रतियोगिता सम्पन्न गरेको छ । जसमा खुल्लातर्फको उपाधि पुरुषतर्फ मिङमार सिङ्गी तामाङ र महिलातर्फ सन्तोषी श्रेष्ठले जितेका छन् ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# विद्यालय शिक्षा सुधारको अभियान

लुम्बिनी प्रदेश सरकारले विद्यालय तहमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न 'मेरो विद्यालय, मेरो दायित्व' अभियान सुरु गरेको छ । प्रदेशका सबै विद्यालयमा अध्ययनरत पूर्व विद्यार्थीको ज्ञान, सीप र लगानीको सदुपयोग गर्ने उद्देश्यले सरकारले यो अभियान सुरु गर्नु सकारात्मक छ ।

शिक्षामा लगानी बढ्दै जाँदा गुणस्तर खस्किरहेको बेला यो अभियान गुणस्तर सुधारका लागि सहयोगी बन्न सक्छ । गत वर्षको एसईईमा मुलुकमा कुल ४७ दशमलव ८७ प्रतिशत विद्यार्थी उत्तीर्ण भए । लुम्बिनी प्रदेशमा एसईईमा सहभागी कुल विद्यार्थीमध्ये ३८ दशमलव ७२ प्रतिशत विद्यार्थी उत्तीर्ण भएकाले शिक्षाको खस्कदो अवस्थाको चित्रण हुन्छ । एसईईमा सहभागी विद्यार्थीमध्ये ६० प्रतिशतभन्दा बढी अनुत्तीर्ण भएको तथ्याङ्कले विद्यालय शिक्षामा व्यापक सुधारको आवश्यकता छ । शैक्षिक गुणस्तर खस्कनुको कारण पत्ता लगाउने र त्यसको निदानमा सरकार चुकेको छ । प्रदेशमा ६ हजार तीन सय ४० विद्यालय छन्, त्यसमध्ये ४ हजार ५ सय ३१ सामुदायिक विद्यालय छन् । एसईई नतिजामा सामुदायिक विद्यालयको अवस्था झनै कमजोर रहेको छ । प्रदेशमा ४ हजार ५ सय ३१ सामुदायिक विद्यालयमध्ये २ हजार ६५ विद्यालयमा विद्यार्थीको संख्या १ सयभन्दा कम छन् । कतिपय विद्यालय भौगोलिक रूपमा विकट र जनसंख्या कम भएको ठाउँमा रहेकाले विद्यार्थी कमी हुनु स्वभाविकै हो, तर जनसंख्या सघन भएको ठाउँमा पनि विद्यार्थी कमी हुनुको कारण शैक्षिक गुणस्तर कमजोर हुँदा नै हो । मुलुकका उत्कृष्ट सामुदायिक विद्यालयमध्ये पाँच विद्यालय लुम्बिनी प्रदेशमा रहेका छन् । ती विद्यालयको असल अभ्यासलाई अन्य विद्यालयमा लागु गर्ने अवसर छ, यो अवसरलाई सदुपयोग गर्न प्रदेश सरकार चुकेको छ ।

विद्यालय शिक्षा सुधारको अगुवाइ सरकारले गर्ने हो, सरकारको अगुवाइमा सबैको साथ आवश्यक छ । विद्यालयमा चरम राजनीतिकरण छ, विद्यालय व्यवस्थापन समिति गठन, शिक्षकको सरूवालगायतमा विषयमा विद्यालयमा हुने दलीय द्वन्द्व छरपष्ट छ । यसले पनि शैक्षिक गुणस्तरमा बाधा उत्पन्न गरेको छ । अहिले सम्मका कमजोरी हटाउन पनि अभियानका क्रममा छलफल हुनुपर्छ । मेरो विद्यालय मेरो दायित्व अभियानमार्फत् विद्यालय व्यवस्थापन, सामाजिक जागरूकता, आर्थिक स्रोत परिचालन, भौतिक सुधार तथा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विभिन्न गतिविधि सञ्चालन गर्ने तयारी भएकाले सरकारको यो कार्यक्रमको सफलता समुदायको अपनत्वमा भर पर्नेछ ।

खासगरी पूर्व विद्यार्थीको अनुभव, ज्ञान, सीप र योगदानलाई समेट्ने यो कार्यक्रमको प्राथमिकता रहेकोले समाजमा हराउँदै गएको सामुदायिक भावना अभिवृद्धि गर्न पनि बल पुग्नेछ । सामुदायिक विद्यालय सुधार नगरी विद्यालय शिक्षाले फड्को मार्न सक्दैन । तसर्थ पनि विद्यालय शिक्षा सुधारका लागि यो अभियान एउटा प्रस्थानविन्दु हुने आशा गर्न सकिन्छ ।

# युवा पुँजीलाई स्वदेशमै रोक्ने उपाय



डा. देवीप्रसाद आचार्य

देश विकास गर्नका लागि देशभित्र रहेको प्रकृतिक स्रोत, साधन र मानव पुँजीको उचित प्रयोग गर्न आवश्यक हुन्छ । देश विकासको आधार दक्ष मानव स्रोत हो । युवाहरूको जोस, जाँगर, योग्यता र क्षमताबिना देश विकासजस्तो गहनतम कार्य गर्न सम्भव हुँदैन । मानिसले युवा अवस्थामा नै व्यक्तिगत, सामाजिक तथा राष्ट्रिय विकास गर्नका लागि सशक्त भूमिका खेल्न सक्छ । देश विकासका लागि दक्ष जनशक्ति, सक्षम तथा सफल नेतृत्वको आपसी तादात्म्यता मिल्न र मिलाउन जरुरी हुन्छ । हाम्रो देशको सन्दर्भमा न त सक्षम र सफल नेतृत्व छ न त युवा जनशक्तिलाई देश निर्माणमा संलग्न गराउन सकेको अवस्था छ । युवाहरू बत्तीमा पुतली होमिएझैं विकसित देशहरूमा होमिएका छन् । उनीहरूले आफ्नो भाग्य र भविष्य देशभित्र देख्न सकेका छैनन् ।

नेपाली समाज लामो राजनीतिक लडाइँ पछाडि लोकतान्त्रिक राज्य व्यवस्थामा प्रवेश गरेको छ । इतिहासका कालखण्डहरूमा नेपाली समाजले राजनीतिक व्यवस्था परिवर्तनका लागि संघर्ष गर्नुको पछाडि देशमा सामाजिक, आर्थिक, शैक्षिकलगायतका क्षेत्रमा सुधारको अपेक्षा थियो । जनताले विधिको शासन, आर्थिक समृद्ध समाज र सुखी नेपालीको आशा र भरोसा गरेका थिए । यो भरोसालाई राजनीतिक दलहरूले बेवास्ता गरे । जब राजनीतिक परिवर्तन भयो, तत्पश्चात् दलहरूले देशको आवश्यकता र जनहितको विषयलाई छायामा पारे । राजनीतिक व्यवस्था परिवर्तन गरेको युवा शक्तिलाई रोजगारी दिने र उनीहरूको क्षमतालाई देश विकासमा लगाउने काम गरेनन् । राजनीतिले जनताका अपेक्षा सम्बोधन गर्नुपर्नेमा नेताहरू अनेक प्रकारका प्रकरणमा लाग्न थाले । युवाहरू दिनप्रतिदिन बेरोजगारीले सताइए । फलतः उनीहरू विदेश पलायन भए ।

सामाजिक रूपान्तरण र आर्थिक विकास देशको आवश्यकता हो । तर, यो आवश्यकता पूरा गर्न दलहरू अक्षम भए । नेपाल प्राकृतिक स्रोत र साधनले सम्पन्न मुलुक भए तापनि सक्षम नेतृत्व र व्यवस्थापनको अभावले लथालिंगको स्थितिमा पुग्यो । युवाहरूको जोस, जाँगर र क्षमतालाई देश विकासमा लगाउन राज्य चुक्यो । राजनीतिक खिचातानीमा दलहरूले समय बिताए । देशको शिक्षा, स्वास्थ्य, कृषि, उद्योगलगायतका क्षेत्रहरू झन् पछि झन् कमजोर हुँदै गए । अहिले हरेक दिन हजारौंको संख्यामा युवाशक्ति पलायन भएको छ । यो अवस्थालाई रोक्न नसक्ने हो भने हाम्रा गाउँ-बस्तीहरू ज्येष्ठ नागरिकको बस्तीका रूपमा परिणत हुनेछन् । दस जोड दुई पढेपछि विद्यार्थी विदेसिएपछि देशका हरेक क्षेत्रमा आवश्यक दक्ष जनशक्तिको अभाव हुनेछ । त्यसैले युवा पुस्तालाई देशभित्र नै रोजगारीको अवसर र भविष्यको आशा सञ्चार गर्नका लागि निम्न क्षेत्रहरूमा तदारुकतासाथ काम गर्न आवश्यक देखिन्छ ।

**सक्षम राजनीतिक नेतृत्व**

यो मुलुकले सक्षम राजनेता पाउन नसकेको आम बुझाइ छ । नेपाली कांग्रेस र एमाले देशका पुराना र जनआधार भएका दलहरू हुन् । तर, यी दलहरूको शीर्ष स्थानमा रहेका व्यक्ति नै देश विकास र सुशासनका बाधकको रूपमा रहेको जानकारहरू बताउँछन् । कांग्रेसको नेतृत्व गरिरहेका नेता शेरबहादुर देउवा र एमालेका नेता खड्गप्रसाद ओलीको कारण यी दलहरू जनताको नजरमा अत्यन्त अलोकप्रिय बन्दै गएको विश्लेषकहरूको कथन छ । माओवादी दल प्रचण्डका कारण अत्यन्त अलोकप्रिय बन्दै गएको राजनीतिशास्त्रीहरूको ठहर छ । नयाँ शक्तिको रूपमा उदय भएको राष्ट्रिय स्वतन्त्र पार्टी पुराना दलहरूको कमीकमजोरी तथा अकर्मण्यताको आधारमा सिद्धान्त र दृष्टिकोणबिना नै जन्मिएकाले यो दलले देशको नेतृत्व गर्न नसक्ने राजनीतिका जानकारहरू बताउँछन् । अरू विभिन्न नामका जनआधार नभएका दलहरू पनि छन् । यिनीहरूले पनि जनताको पक्षमा काम गर्दैनन् । यस कोणबाट हेर्दा भरपर्दो, सक्षम राजनीतिक नेतृत्वका लागि पुराना दलभित्रका सक्षम युवा नेताहरूको खोजी तथा छनोट गर्न आवश्यक देखिन्छ ।

नेपाली कांग्रेस र एमाले पार्टीमा रहेका युवा नेताहरू सक्षम छन् भन्ने गरिन्छ । तथापि शीर्षनेताहरूले नयाँ पुस्तालाई अवसर नै दिँदैनन् । असीको दशकको नजिक रहेका नेताहरूले पदको लोभ गरिरहनाले पनि समाजमा निराशा बढ्दै गइरहेको छ । अहिले नेतृत्वमा रहेका शीर्ष नेतृत्वले व्यवस्था परिवर्तन गर्नका लागि गरेको त्याग, तपस्या र बलिदान स्मरणीय छ । तथापि इतिहासको योगदानले मात्र वर्तमान समाज चल्न सक्दैन । समयको मागलाई सम्बोधन गर्न नसक्ने नेतृत्व आउटडेटेड हुन्छ । युवाहरूको आवश्यकतालाई सम्बोधन गर्न नसक्ने नेतृत्व रहुन्जेल विदेश पलायन रोकिने अवस्था देखिँदैन ।

देश चलाउन अनुभव, परिपक्वता, होस तथा विवेक चाहिन्छ । नेतृत्व क्षमता चाहिन्छ । विकासको मार्गचित्र र डेलिभरी गर्न सक्ने कार्यक्षमताको खाँचो हुन्छ । पुराना दलहरूमा लामो समयदेखि राजनीति गरेर आएका युवा नेताहरूमा देश बनाउन सक्ने सम्भावनालाई समाजले अस्वीकृत गरिसकेको अवस्था छैन । परन्तु, नयाँ पुस्ताका सक्षम नेताहरूले नेतृत्व गर्ने अवसर पाउन सकेका छैनन् । यस कोणबाट हेर्दा देश हाँक्न सक्ने सक्षम नेतृत्वको इमानदारीका साथ खोजी गर्नुपर्ने भएको छ ।

समाजले देशलाई बदल्न सक्ने नेतृत्वको खोजी गरिरहेको छ । पुराना दलहरू सञ्चालन गर्ने शीर्षनेताहरूले समाजमा सकारात्मक सन्देश दिन नसक्नु दुःखको कुरा हो । अन्य दललाई पनि समाजले विश्वास गरिहालेको अवस्था छैन । जनआन्दोलन २०६२/०६३ पछाडि जन्मिएका मधेशवादी दलहरू पनि संगठित हुन सकेको अवस्था छैन । उनीहरूमा क्षेत्रीय मनोविज्ञानको साँघुरो बन्धन हुर्किएको देखिन्छ । राजनेता भनेको सबै नेपालीको साझा बन्न सक्नुपर्छ । मधेशवादी राजनीतिक दलहरूमा राजनेता बन्न सक्ने गुणको विकास गर्न बाँकी रहेको विश्लेषकहरू बताउँछन् । संवैधानिक राजतन्त्रको एजेन्डा बोकेर राजनीति गरिरहेको राष्ट्रिय प्रजातन्त्र पार्टीमा अनुभवी तथा योग्य नेताहरू नभएका होइनन् । तथापि नेपाली समाजमा राजतन्त्रप्रति सिर्जना भएको नकारात्मक भावनाले गर्दा यो दललाई नेपाली समाजले नेतृत्वमा पुग्न सक्नेगरी मतदान गर्न सक्ने अवस्था नरहेको स्थानीय तहको निर्वाचनको नतिजाले देखाउँछ । यसरी हेर्दा देशमा रहेको राजनीतिक चरित्रका कारण युवाहरू देशभित्र नै आशावादी हुन सकेका छैनन् ।

**रोजगारमूलक शिक्षा**

शिक्षा समाजका हरेक पेसा र व्यवसायसँग जोडिने सक्षम जनशक्ति उत्पादन गर्ने माध्यम हो । अहिले हाम्रो शिक्षा प्रणाली प्रमाणपत्र प्राप्त गर्ने माध्यम बनेको छ । विश्वविद्यालयसम्मको पढाइ पूरा गरिसकेका शिक्षित जनशक्ति प्रमाणपत्रहरू दराजमा थन्क्याएर अन्तर्राष्ट्रिय बजारमा रोजगारीका लागि पलायन भएको अवस्था छ । यस अर्थमा पलायन भइरहेको जनशक्तिलाई रोक्नका लागि उनीहरूले स्वदेशमा नै आयआर्जन गर्न सक्ने व्यवसायमूलक शिक्षा दिनुपर्छ । हाम्रोजस्तो गाउँ नै गाउँहरूले भरिएको कृषिप्रदान देशका शिक्षार्थीहरूलाई हलो, कुटो र कोदालोदेखि कम्प्युटरसम्मको ज्ञान आजको आवश्यकता हो । कृषि गर्ने परम्परागत शैलीको ज्ञानलाई बदलेर आधुनिक कृषि प्रणालीमा रूपान्तरण गर्न तदनुरूपको कृषि शिक्षामा आधारित ज्ञान तथा प्राविधिक सीपको खाँचो हुन्छ । जैविक विविधताअनुसारको खेती, पशुपालन एवं व्यवसाय गर्न सक्ने सक्षम जनशक्ति नभएसम्म गाउँघरमा विकासले गति लिन सक्दैन । यसका साथै गाउँमा नै उत्पादित कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगहरूको स्थापना गरी बस्तुको उत्पादन गर्न, व्यवसायीकरण तथा व्यापारमा विविधीकरण गर्न सक्ने विषयवस्तुमा आधारित शिक्षा आजको खाँचो हो । यो खाँचोलाई पूरा गर्न शैक्षिक प्रणालीमा परिवर्तन गर्न विलम्ब गर्नु हुँदैन ।

**पालिकाहरूमा कृषि शिक्षा तालिम**

नेपाल कृषिप्रधान देश हो भन्ने पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूमा लेखिएको विषयवस्तुको अध्ययन गर्ने विद्यार्थीले कृषि शिक्षा नै अध्ययन गर्न पाएको अवस्था छैन । देशमा एउटा मात्र कृषि विश्वविद्यालय छ । यहाँबाट उत्पादित कृषिविज्ञलाई राज्यले आधुनिक कृषि उत्पादनमा लगाएको छैन । कुनै पनि संकायमा उच्चशिक्षा हासिल गरिसकेपछि पनि कुनै पेसागत दक्षताको हासिल र आयआर्जनको अवसर नदेखेपछि विद्यार्थीहरूले देश छाडेका हुन् । अभिभावकहरूले पनि छोराछोरीहरूलाई विदेश पठाएका हुन् । प्लस टु उत्तीर्ण गरेपछि लाखौं विद्यार्थी विदेश पलायन भएको अवस्था छ । यस कोणबाट देशको भविष्यलाई नियाल्दा राज्यले औपचारिक रूपमा कृषि शिक्षालाई पाठ्यक्रममा समावेश गरेर सक्षम जनशक्ति उत्पादन गर्नुपर्छ । दक्ष जनशक्ति उत्पादन गर्न कम्तीमा पनि एक दशक लाग्छ । त्यसैले एकातिर राज्यले दीर्घकालीन योजनाअन्तर्गत कृषि शिक्षालाई विद्यालयतहदेखि नै समावेश गर्नुपर्छ भने अर्कोतिर अल्पकालीन रूपमा हरेक पालिकाहरूमा त्यहाँको हावापानी, माटो र उत्पादनको सम्भावनाको आधारमा आधुनिक कृषि उत्पादन गर्न सक्ने तहसम्मको कृषि तालिम सञ्चालन गर्नुपर्छ ।

हरेक स्थानीय तहमा उन्नत जातको गाई, भैंसी, भेंडा, बाख्रा, कुखरापालन फलफूल खेती, पुष्प खेती, रेसम खेती, माहुरीपालन, माछापालन, स्याउ, सुन्तला, एबोकाडो, कागती, केरालगायतका अन्य कृषिजन्य उत्पादन गरी पशुपालन र कृषि उत्पादनको क्षेत्रलाई आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण गर्न युवाहरूलाई सक्षम बनाउने हो भने उनीहरूले आफ्नै गाउँठाउँमा आयआर्जनका अवसरहरू सिर्जना गर्न सक्छन् । आज मुलुकलाई जल, जमिन, जडीबुटी, जंगल, खनिज पदार्थलगायतको क्षेत्रमा ज्ञान र सीप भएका दक्ष जनशक्तिको खाँचो छ । यो खाँचोलाई शिक्षाको माध्यमले पूरा गर्नुपर्छ । जैविक विविधताअनुसारको खेती, पशुपालन, स्थानीय सीप, प्रविधि र कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगहरूको स्थापना, वस्तुको उत्पादन, व्यवसायीकरण एवं व्यापारमा विविधीकरण गरी ग्रामीण अर्थतन्त्र फस्टाउन सक्छ । युवा पलायन रोकिन थाल्छ । देशको अर्थतन्त्र उत्पादनमा आधारित हुन थाल्छ ।

**देशव्यापी रूपमा कृषि उत्पादनमा आधारित उद्योगको स्थापना**

राज्यले कृषिक्षेत्रलाई देशको जैविक विविधतामा आधारित खेती गर्ने वैज्ञानिक कार्ययोजना बनाउनुपर्छ । कृषकलाई पशुपालन, पन्छीपालन, फलफूल खेती, पुष्प खेती, जडीबुटी खेती, अलैंची, अदुवा, अम्रिसोलगायत आयआर्जन गर्न सकिने खेती उत्पादनमा आधारित कृषि तालिम दिएपछि उल्लिखित उत्पादनमा आधारित घरेलु उद्योगहरू स्थापना गर्नुपर्छ । भारत, इजरायल, न्युजिल्यान्डलगायतका देशहरूले कृषि र पशुपालनबाट गरेको आर्थिक समृद्धिको मोडेल नेपालले लागू गर्न आवश्यक छ । देश विकास ठूला कुरा गरेर होइन, सानासाना काम गरेर हुन सक्छ । कृषि र पशुपालनलाई वैज्ञानिक तरिकाले विकास गरी देशलाई आत्मनिर्भर बनाउन सकिन्छ भन्ने कुरा राज्यले किन बुझ्दैन ? उल्लिखित क्षेत्रको विकासका लागि राज्यले विज्ञ, विशेषज्ञहरूसँग किन सहकार्य गर्दैन ? यस कोणबाट हेर्दा सिंहदरबार, संसद्भवन र बालुवाटार अक्षमहरूको ग्यालेक्सीले भरिएको ठाउँ हो त ? भन्ने प्रश्नहरू उठ्ने गरेका छन् ।

विदेश गएर जीवन निर्वाह गरिरहेका युवाहरूले सामाजिक सञ्जालहरूमा प्रस्तुत गरिरहने अभिव्यक्तिलाई हेर्दा, सुन्दा र पढ्दा उनीहरू रहरले बिदेसिएका होइनन् । स्वदेशमा आयआर्जन गर्न नसक्दा काम, माम र जीवनयापनका लागि छिमेकी वा टाढाका मुलुकहरूमा गएका हुन् । जीवनयापनको बाध्यतासँग कान्छा, कान्छी, बहादुर वा कामदारको नाममा विदेशी भूमिमा श्रम र श्री बेच्न बाध्य भएका हुन् । तसर्थ, राज्यले नेपालमा नै रोजगारीको सिर्जना गर्नुपर्छ । यसो गर्दा पहिलो चरणमा गाउँ, बस्तीका युवाशक्तिलाई आफ्नै ठाउँमा स्वरोजगार हुनका लागि व्यावसायिक तालिमलाई हरेक पालिकाहरूमा सञ्चालन गर्नुपर्छ ।

अन्त्यमा, युवाहरूलाई आफ्नो गाउँ आफैं बनाऊँ भन्ने अभियानमा कार्ययोजना र आयआर्जनका क्रियाकलापसहित संलग्न गराउनु आजको अनिवार्य सर्त हो । अबको विकसित नेपाल, युवाहरूको मिहिनेत र पसिनाबिना सम्भव छैन । राजनीतिक परिवर्तन र पञ्चवर्षीय योजनाहरू बनाएर मात्र मात्र देश विकास हुँदो रहेनछ भन्ने कुरा विगत तीन दशकको इतिहासले सिकाएको छ । नेपाल र नेपालीहरूको भाग्य र भविष्य परिवर्तन गर्न युवाहरूको योग्यता र क्षमताको सदुपयोग अनिवार्य सर्त हो । तसर्थ, आर्थिक समृद्धिका लागि अवसरको अभावले बरालिएको युवा पुँजीलाई भरपर्दो आयआर्जनका काममा लगाएर मुलुकलाई विकासको मार्गमा अगाडि बढाउन अब ढिला गर्नुहुँदैन ।

राजधानीबाट

# नेप्से परिसूचक ११ अङ्कले बढ्दा कारोबार रकम पनि बढ्यो



काठमाडौं । यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अङ्कले बढ्दा कारोबार रकम पनि बढेको छ । नेप्से परिसूचक ११ दशमलव ६६ अङ्कले बढेर दुई हजार सात सय ५५ दशमलव ४० को विन्दुमा कायम भएको हो ।

तीन सय २८ कम्पनीको दुई करोड १२ लाख छ हजार कित्ता शेयर एक लाख आठ हजार नौ सय १३ पटक खरिदबिक्री हुँदा रु ११ अर्ब ५४ करोड ८३ लाख ३७ हजार छ सय १२ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा बैंकिङ शून्य दशमलव शून्य तीन, लगानी एक दशमलव ३३, जीवन बिमा शून्य दशमलव ८६, उत्पादन तथा प्रशोधन दुई दशमलव ७८, म्युचुअल फण्ड शून्य दशमलव शून्य दुई, निर्जीवन बिमा शून्य दशमलव १३ र अन्य समूह तीन दशमलव ७२ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ ।

विकास बैंक शून्य दशमलव ४८, वित्त शून्य दशमलव ४५, होटल तथा पर्यटन शून्य दशमलव ५०, जलविद्युत् शून्य दशमलव ५६, लघुवित्त शून्य दशमलव ६६ र व्यापार समूह एक दशमलव ३२ प्रतिशतले घटेको हो । गार्डियन माइक्रो लाइफइस्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने रिलायन्स फाइनान्स लिमिटेडको शेयर मूल्य सात दशमलव २४ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ९५ करोड ६४ लाख ५१ हजार तीन सय ६६ बराबरको नौ लाख ९० हजार छ सय ७२ कित्ता शेयर किनबेच भएको छ ।

# बढ्दै गएको चिसो पेयको लतः हरेक घुट्कीले घटाइरहेको छ आयु !

गर्मी बढ्दै छ र यससँगै चिसो पेय पदार्थहरूको खपत पनि तीव्र हुँदैछ। गर्मीको प्रभावले उकुसमुकुस बनाउँदा, एक गिलास टक्क चिसो पेयले छुट्टै सन्तुष्टि दिन सक्छ, जसलाई प्रायः 'चरम आनन्द आउँछ' भनेर व्यक्त गर्ने गरिन्छ । हाम्रो समुदायमा चिसो पेय पदार्थको लोकप्रियता गर्मीसँग मात्र सीमित छैन । चाडपर्व, उत्सव, साथीको जन्मदिनमा मात्र नभई सराद्धेमा समेत कोक, पेप्सी, स्प्राइट र फ्यान्टा जस्ता पेयको खपत हुन्छ । कहिलेकाहिँ यस्तो लाग्छ कि यी पेय पदार्थहरू हाम्रो सामाजिक जीवनको हिस्सा बन्न पुगेका छन्। अवस्था यस्तो आइसक्यो, यी पेयलाई हाम्रो राष्ट्रिय पेय पदार्थको रूपमा घोसित गर्न मात्र बाँकी छ ।

यो प्रवृत्ति केवल गर्मीसँग सम्बन्धित छैन, यसले हाम्रो समाजको संस्कृति र सामाजिक गतिविधिहरूसँग पनि गहिरो नाता बनाइसकेको छ । तर, यो केही क्षणको सन्तुष्टिले जीवनभरको खुशी त छिन्दैन ?

चिसो भनेको सामान्य तरिकाले बुझ्ने हो भने चिनी, पानी अनि सोडा हो, जसमा थप स्वाद र रंग मिसाइन्छ। सोडाका कारण स्वास्थ्यमा थुप्रै असर पर्दछ जस्तै वजन बढ्नु, इन्सुलिन प्रतिरोध हुनु र रगतमा बोसोको अस्वस्थ स्तर बढ्नु । साथै सोडामा रहेको चिनी सजिलै शरीरमा अवशोषित हुने गर्दछ। किनभने यो मात्र चिनी र पानी हो । हालैका प्रमाणहरूले देखाएका छन् कि सोडा सेवनले आन्द्राको सूक्ष्मजीव समुदाय (गट माइक्रोबायोम) मा परिवर्तन ल्याउन सक्छ, जसले मधुमेहको जोखिम बढाउन सक्छ ।

सेल मेटाबोलिजममा प्रकाशित भएको चिनीयुक्त पेय पदार्थको सेवन र मधुमेहको जोखिमसम्बन्धी अध्ययनका अनुसार जनावरहरूमा गरिएको अनुसन्धानले देखाएको छ कि सोडामा पाइने प्रमुख चिनीहरू- फ्रुक्टोज र ग्लुकोज-को सेवन निम्नसँग सम्बन्धित छः

- आन्द्राको ब्याक्टेरियाको विविधता घट्नु, जुन अस्वस्थ सूक्ष्मजीव समुदायको संकेत हो ।
- छोटो शृंखलाका फ्याटी एसिडको स्तर घट्नु, जसलाई 'राम्रा' आन्द्राका ब्याक्टेरियाले उत्पादन गर्छन् र समग्र स्वास्थ्यलाई समर्थन गर्छन् ।
- सुन्नाई सँग सम्बन्धित ब्याक्टेरियाको मात्रा बढ्नु ।

यसैगरी, जुलिया बइस्नर र समुहले १२ महिलामा गरेका एक सानो अध्ययनले देखाएको छ कि उच्च फ्रुक्टोजको सेवनले ब्युटिरेट नामक छोटो शृंखलाको फ्याटी एसिड उत्पादन गर्ने 'राम्रा' ब्याक्टेरियाको संख्या घटाउन सक्छ ।

स्टिना राम्ने र उनका समुहले गरेको अध्ययनले पनि चिनीयुक्त पेय पदार्थहरूको र सोडाको सेवनले आन्द्राको सूक्ष्मजीव समुदायमा हानिकारक परिवर्तन ल्याउन सक्ने दर्शाएका छन् । यसैगरी, ताओ यान र समूहले गरेका चिनियाँ अध्ययनको निष्कर्ष छ- जो व्यक्तिहरूले सोडा पिए, तिनीहरूको रगतमा केही ब्याक्टेरियल मेटाबोलाइटहरू पाइएका छन्, जसले स्वास्थ्यमा हानी पुऱ्याउँछ ।

तर, हालै भएको अध्ययन पहिलो हो जसले सोडा सेवन, आन्द्राको सूक्ष्मजीव समुदाय, रगतमा ब्याक्टेरियल मेटाबोलाइटहरू र टाइप २ मधुमेहको जोखिम बीचको सम्बन्धको अनुसन्धान गरेको छ । सेल मेटाबोलिजममा प्रकाशित भएको एक नयाँ अध्ययनको निष्कर्षअनुसार चिनीयुक्त पेय पदार्थको सेवन आन्द्राको सूक्ष्मजीव समुदायमा ९ विशेष ब्याक्टेरियाको स्तरको वृद्धिसँग सम्बन्धित छ ।

जब यी सूक्ष्मजीवहरूले खाना पचाउँछन्, तिनीहरूले केही कम्पाउण्डहरू वा मेटाबोलाइटहरू उत्पादन गर्दछन् । वैज्ञानिकहरूका अनुसार यी रासायनिक तत्वहरूले टाइप २ मधुमेहको जोखिम बढाउँछन् । रगतमा चिनीको उच्चस्तर सँगै उच्च बि.एम.आइ र राम्रो कोलेस्टेरोलको मात्रा पनि कम गराउँछन् । सोडाले टाइप २ मधुमेहको जोखिम बढाउँछ । त्यसैले यसलाई सकेसम्म नियन्त्रण गर्नुपर्छ र जोड दिन हुँदैन । यदि तपाईंलाई चिसो पेय पदार्थको तलतल भइरहेको छ भने, पानी सधैं उत्तम विकल्प हुन्छ । तर, यदि तपाईंलाई फिज्जी पेयको चाहना छ भने, कम चिनी भएको स्पार्कलिङ पानी प्रायः राम्रो विकल्प हो ।

चिसो पेयको मोह छुट्टै छ, गर्मी होस् या चाडपर्व, बिना कुनै सोच-विचार झ्-झन् गिलास भरिँदै छ ! अब रोजाइ तपाईंको हो– क्षणिक चिसोपनको मज्जा कि दीर्घकालीन स्वास्थ्य ? कि अझै पनि 'एउटा बोटलले के नै बिगार्ला र ?' भन्ने मानसिकता राख्ने? सोच्नुहोस्, शरीरले हरेक घुट्कोमा मूल्य चुकाइरहेको छ । आजैदेखि नै सचेत हुनुहोस् ।

## प्रहरीलाई...

उनीहरुका चार छोराहरु भारतमा रहेको र छोरीहरुको विवाह भइसकेको प्रहरीले जनाएको छ।

त्यसैगरी यसअघि पनि उनीहरूबिच विभिन्न विषयहरूमा विवाद भइरहने गरेको थियो। काकाको घरमा पंकज गइरहने, तर उक्त कुरा काकालाई मन नपरेपछि गाली गर्ने र उनीहरूबिच विवाद हुने गरेको थियो।

हत्या आरोपमा पक्राउ परेका पंकजले अत्यधिक रक्सी सेवन गर्ने गरेको पनि खुलेको छ। रक्सी सेवन गरेर ९ गते राति साढे १० बजेतिर काकाको घरमा पुगेका थिए। दोस्रो तलाको झ्यालबाट प्रवेश गरी भऱ्याङबाट भुईंतलामा झरेको उनले बताएका छन्।

त्यसपछि परियार दम्पती सुत्ने कोठामा गएर ढोकाको छेउमा राखेको घनले दुवै जनाको टाउकामा ३/३ पटक हानेर हत्या गरेको उनले प्रहरी समक्ष बताएका छन्।

प्रहरीले पंकजको घरबाट हत्या गर्दा लगाएको रगत लतपतिएको कपडा समेत बरामद गरेको छ। हत्यापछि हुकमाको पटुकामा रहेको २२० रुपैयाँ पनि उनले लगेका थिए।

उक्त रकममध्ये २०० रुपैयाँ खर्च गरिसकेको अवस्थामा प्रहरीले २० रुपैयाँ पंकजबाट बरामद गरेको छ।

## १७औं...

'रन टु साइन' नाराका साथ साइन रेसुंगा डेभ्लपमेन्ट बैंकको १७औं वार्षिकोत्सवको अवसरमा बुटवलमा भएको प्रतियोगितामा च्याम्पियन बन्दै दुवै खेलाडीले नगद एक- एक लाख रुपैयाँ पुरस्कार प्राप्त गरेका छन्।

सन्तोषीले निर्धारित दूरी ३६.२१ सेकेन्डमा पूरा गरिन्। मिङमारले ३१ मिनेटमा दौड पूरा गरे। पूर्णराज्य लक्ष्मी न्यौपाने दोस्रो, पुष्पा भण्डारी तेस्रो, आशा रावल चौथो र नारायणी भण्डारी पाँचौं बनिन्।

पुरुषतर्फ नागेश्वर ऐर दोस्रो, गणेशसिंह रावत तेस्रो, सन्जीव नेपाली चौथों र अक्कल बडुवाल पाँचौं भए।

दुवै विधाका दोस्रोले ४० हजार, तेस्रोले २० हजार, चौथोंले १५ हजार र पाँचौं हुनेले १० हजार रुपैयाँ प्राप्त गरेका छन्।यस्तै, स्थानीय पाँच किलोमिटर दौडमा शिव रायमाझी र पुजा पछाई बिजेता बनेका छन्। पुरुषमा अजय पाण्डे दोस्रो, मुकेश थारु तेस्रो र प्रेमलाल कोहार चौथों बने। महिलातर्फ तेजमाया कुँवर दोस्रो, प्रकृति घिमिरे तेस्रो र प्रतिभा केवर चौथौं बने।

यस्तै भेट्रान्समा महिलातर्फ मनकुमारी रायमाझी पहिलो र गोमा सुबेदी दोस्रो बनेका छन्। पुरुषतर्फ युवबहादुर राना प्रथम, गोविन्द थापा दोस्रो, केशरसिंह महत तेस्रो र टेकबहादुर बुढाथोकी चौथों भएका छन्। दुवै विधाका विजेताले १५ हजार, दोस्रोले १० हजार, तेस्रोले ५ हजार, चौथोंले २ हजार ५ सय रुपैयाँ प्राप्त गरेका छन्।

बुटवल कालिकानगरस्थित बैंकको केन्द्रीय कार्यालयबाट सुरु भएको दौड मणिग्राम चोक पुगेर केन्द्रीय कार्यालयमा आएर समापन भएको थियो।

प्रतियोगितालाई राष्ट्रिय खेलकुद परिषद् र नेपाल एथलेटिक्स एसोसियसनले स्वीकृति प्रदान गरेका थिए। ३ विधामा १६ सय जनाले नाम दर्ता गराएकामा ६ सयजनाले प्रतिस्पर्धा गरेका थिए। दौड प्रतियोगिता उत्सवको रुपमा सम्पन्न भएको थियो।

विजयी धावकहरुलाई प्रतियोगिताका सद्भावना दुत अन्तर्राष्ट्रिय ओलम्पिक विजेता धावक बैकुण्ठ मानन्धर, प्रदेश सांसद एवं पूर्व मन्त्री विष्णु पन्थी, बैंकका अध्यक्ष थानेश्वर पौडेल र बैंकका प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेलले पुरस्कार वितरण गरेका छन्।

सो अवसरमा अध्यक्ष पौडेलले स्वस्थ शरीर र स्वस्थ मानसिकताका लागि हरेक पेशा व्यवसायका व्यक्तिलाई दौड आवश्यक हुने भएकाले सामाजिक उत्तरदायित्वअन्तर्गत खेलकुदलाई जोडेर सर्वाधिक पुरस्कार राशीको दौड प्रतियोगिता गरेको बताए।

---

### विनयी त्रिवेणी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**नवलपरासी,बर्दघाट सुस्तापुर्व**
**गण्डकी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८१/११/१२

यस कार्यालयबाट विभिन्न मितिमा तपसिल बमोजिम कार्यको लागि आवहान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ।

**तपशिल**

| सि.न. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम |
|---|---|---|---|---|
| 1 | 12/BTRM/NCB/ Works/2081-082 | Ward No. 7 ko Bibhinna Bato Istarunati | Paiyu construction and suppliers, Susta Rural Municipality 01, NAwalparasi West | NRS 30,05,650.27 |

प्रमुख प्रशासकीय अधिकृत

---

## कागजपत्र हराएको सूचना

कालिकोट जिल्ला नरहरीनाथ गाउँपालिका वडा नम्बर ५ निवासी जया कुमारी बोगटी (JAYA KUMARI BOGATI) को सानोठिमी भक्तपुरस्थित Council for technical education and vocational training, Office of the controller of examinations बाट सन् २०२२ मा उत्तिर्ण भएको ०१०१०२९७ सिम्बल नम्बर भएको स्टाफ नर्सको माइग्रेसन सर्टिफिकेट (Migration Certificate) गुल्मीको सदरमुकाम तम्घासबाट धुर्कोट जाने क्रममा हराएकोले भेटाउनुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा निजको फोन नम्बर ९८४८३२०५६९ मा सम्पर्क गरी सहयोग गरिदिनुहुन बिनम्र अनुरोध गर्दछु।

---

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला वामी गा.वि.स. वडा नं. ०६ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, मुसीकोटन.पा. वडा नं. ०८, बस्ने श्री अमर सिंह रायमाझीको नाति श्री टेक बहादुर रायमाझीको छोरा श्रीमती जोसुता रायमाझीको पति बर्ष ८७ को श्री हर्क बहादुर क्षेत्री भन्ने हर्कबहादुर रायमाझी (नागरिकता नं. ८२६ जि.प्र.का गुल्मी मिति २०४४/१०/२७ मा जारी) को मिति २०७८/१०/२५ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०१७७१ मा भएको रकम भुक्तानी पाउँ भनि निजको छोरा श्री मिनबहादुर रायमाझीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री हर्क बहादुर क्षेत्री भन्ने हर्क बहादुर रायमाझी(नागरिकता नं. ८२६ जि.प्र.का गुल्मी मिति २०४४/१०/२७ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपाल एसबिआई बैंक लि.**
**गुल्मी शाखा, गुल्मी**
**फोन ०७९-५२१०२९,**
**फ्याक्स ०७९-५२११९४**

---

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला भुतुङ गा.वि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, कालीगण्डकी गा.पा. वडा नं. ०७, बस्ने श्री मती सार्कीको नातीनी श्री गंगे सार्कीको छोरी श्री खडकबहादुर सार्कीको पत्नी बर्ष ७३ की श्रीमती सुन देवी सार्की भन्ने सुना देवी सार्की (नागरिकता नं. ५७१ जि.प्र.का गुल्मी मिति २०४४/११/११ मा जारी) को मिति २०८१/०४/१० गते मृत्यु भएकोले यस बैंकको डी.एस.बी गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०३३९४ मा भएको रकम भुक्तानी पाउँ भनि निजको छोरा श्री क्षेत्रबहादुर सार्की यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती सुन देवी सार्की भन्ने सुना देवी सार्की (नागरिकता नं. ५७१ जि.प्र.का गुल्मी मिति २०४४/११/११ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्रदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपाल एसबिआई बैंक लि.**
**गुल्मी शाखा, गुल्मी**
**फोन ०७९-५२१०२९,**
**फ्याक्स ०७९-५२११९४**

---

### Binayi Tribeni Rural Municipality
## Office of Rural Municipal Executive
**Nawalparasi (East of Bardghat Susta), Dumkibas**
**Gandaki Province, Nepal**

# Invitation For Online Bids

Date of publication: 2081/08/05, (20th, Nov, 2024)
Second Date of publication: 2081/10/25, (7th,Feb, 2025)
Third Date of publication: 2081/11/12, (24th, Feb, 2025)

1. Office of Binayi Tribeni Rural Municipalityinvites electronic bids from eligible bidders for the following worksunder National Competitive Bidding procedures.

| S. N. | Contract ID | Description of Works | Estimate Amount with VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 10/BTRM/ NCB/Works/ 2081-082 | Bhorlabhanjyang Barhabise Chidiya Sadak and Different road of Binayi Tribeni Gaunpalika Wada No 5 | 9166766.47 | 275000.00 | 3000.00 | 2081/11/18 (2nd, Feb, 2025) Before 12:00 | 90 Days | 2081/11/15 (27th, Feb, 2025) at 1:00 PM | 2081/11/11 (23th, Feb, 2025) After 1:00 | |
| Cost of Bidding Document in Bank | | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA1.1 Aantarik RajashwoKhata : 00815413078 | | | | | | | | |
| Cost of Bid Security in Bank | | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East) Binayi Tribeni Gaunpalika GA03 DharautiKhata. : 00815153326 | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# मगर दिवस पाँच दिवसीय कार्यक्रमसहित मनाइँदै




बुटवल। नेपाल मगर संघ बुटवल उपमहानगर समितिले ४३ औं मगर दिवस (फागुन १५) पाँच दिवसीय रुपमा मनाउने भएको छ।

नेपाल मगर संघ बुटवल उप-महानगर समितिले आइतबार बुटवलमा पत्रकारहरुसँगको भेट्घाटमा संघका बुटवल उपमहनगर अध्यक्ष बसन्ती साठिघरेमगरले सो कुराको जानकारी दिइन। मगर दिवसलाई यसपटक पनि जागरण र अधिकार प्राप्तिको लडाईकै रुपमा मनाउने भए पनि त्यसमा थप केहि रचनात्मक कार्यक्रमहरु समावेश गरिएको अध्यक्ष बसन्ती साठिघरेले जानकारी दिइन छ।

पाँच दिवसीय कार्यक्रम अनुसार पत्रकारहरुसंग भेट्घाट, समसामयीक विषयमा अन्तरक्रिया, अस्पतालमा फलफूल वितरण, बाजेबजै थानमा सरसफाई र फागुन १५ गते बुटवलमा मूल समारोह गरेर मगर दिवसको समापन गरिने छ। सो अवसरमा बोल्दै नेपाल मगर संघ जिल्ला समन्वय समिति रुपन्देहीका अध्यक्ष थर्कबहादुर बारघरेमगरले मगर दिवसको अवसरमा रुपन्देहीका स्थानीय तहहरुसंग सार्वजनिक विदाको लागि माग गरेका छन्। रुपन्देहीमा करिब दुई लाख मगरहरुको बसोबास रहेको उल्लेख गर्दै उनले मगर दिवसमा सार्वजनिक बिदा दिनको लागि स्थानीय तहहरुले कन्जुस्याई गर्न नहुनेमा जोड दिए। स्थानीय तहहरुले मगर दिवसको दिन सार्वजनिक बिदालाई आफ्नो क्यालेण्डरमा समावेश गर्नका लागि पनि जिल्ला अध्यक्ष बारघरेले आग्रह गरे।

संघको यो आग्रह अहिले शालीन ढङ्गमा गरिएको र यसलाई सुनुवाइ नगरी अटेर गरेमा आगामी वर्ष 'रुपन्देही बन्द' सम्मको कार्यक्रम आयोजना गरिने चेतावनी उनले दिएकका छन्। यसबाहेक मगर समुदायको भाषालाई लुम्विनी प्रदेशमा सरकारी कामकाजी भाषाको रुपमा प्रयोग, विद्यालयमा मगर भाषामा शिक्षाको सुलभ व्यवस्था, राज्यको हरेक संरचना र क्षेत्रमा पूर्ण समानुपातिक समावेशी सिद्धान्त लागु गर्नुपर्ने, नेपालका प्रथम शहीद लखन थापामगरलाई राष्ट्रिय विभूति घोषणा गर्नुपर्नेलगायतका मागहरु राज्यले तत्काल पुरा गर्नुपर्ने कुरामा उनले जोड दिए। सो अवसरमा नेपाल मगर संघ बुटवल उपमहानगर समिति उपाध्यक्ष लुमबहादुर सारुमगर, सचिव हेमन्त बुढाथोकीमगर लगायतले बोलेका थिए।

# रोटरी दिवसमा विद्यार्थीलाई पोशाक

बुटवल। रोटरी क्लब अफ बुटवल चौतारीले १२०औं रोटरी स्थापना दिवसको अवसरमा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई पोशाक वितरण गरेको छ।

लुम्बिनी सांस्कृतिक नगरपालिका वडा नम्बर ३ स्थित पडरिया आधारभूत विद्यालयमा अध्ययनरत १३५ जना विद्यार्थीहरुलाई रोटरी क्लब अफ बुटवल चौतारीले विद्यालय पोशाक प्रदान गरेको हो।

एक कार्यक्रमकाबिच क्लबका अध्यक्ष नुमेन्द्र पौडेल र राजकीय बौद्ध बिहारका प्रमुख भन्ते सागर धम्मसहित क्लबका पदाधिकारी तथा सदस्यहरुका साथै शिक्षक शिक्षिकाहरुको उपस्थितिमा पोशाक प्रदान गरिएको हो। कार्यक्रममा बोल्दै राजकीय बौद्ध बिहारका प्रमुख भन्ते सागर धम्मले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई गरिएको सहयोग प्रशंसनीय रहेको बताए।

क्लबका संस्थापक अध्यक्ष डा. विष्णु घिमिरेले क्लबले यस्ता रचनात्मक कार्यक्रमलाई बिगतदेखि नै निरन्तरता दिँदै आएको बताए। क्लबका अध्यक्ष नुमेन्द्र पौडेलले आगामी दिनमा पनि रोटरी सामाजिक कार्यमा अग्रसर भैरहने प्रतिबद्धता व्यक्त गरे।

त्यस अवसरमा क्लबका निवर्तमान अध्यक्ष दिनेशमणि सुवेदी, भुलन यादवलगायतले रोटरीले गर्दै आएको सामाजिक सेवामूलक कामबाट समाजलाई नै सकारात्मक सन्देश दिएको बताएका थिए।

यसैबिच क्लबबले विश्व रोटरी डेको अवसरमा आइतबार बिहान आयोजना गरिएको प्रभातफेरीमा पनि सहभागिता जनाएको थियो।

# आजदेखि बुटवलमा राष्ट्रियस्तरको स्नूकर प्रतियोगिता

बुटवल। बुटवलमा फागुन १२ देखि सर्वाधिक पुरस्कार राशीको राष्ट्रियस्तरको स्नुकर प्रतियोगिता शुरु हुँदैछ। नेपाल बिलियार्डस् स्नुकर एण्ड पुल एशोसियसन रुपन्देही र खस्यौली स्नुकर क्लबको आयोजनामा हुने प्रतियोगितामा देशका प्रमुख शहरबाट १२८ जना खेलाडीले प्रतिस्पर्धा गर्दैछन्।

फागुन २१ गतेसम्म चल्ने प्रथम अल नेपाल बुटवल मेयर कप ओपन स्नुकर च्याम्पियनसीपको उद्घाटनका दिन १० वटा तथा दोस्रो दिन २० वटा खेल हुने खेल संयोजक शिशिर गुरुङले जानकारी दिए। प्रतियोगिताको उद्घाटन फागुन १२ गते बिहान १० बजे हुनेछ।

बुटवलको सिंह कम्प्लेक्सस्थित खस्यौली स्नुकर क्लबमा हुने प्रतियोगितामा रुपन्देही, काठमाडौं, पोखरा, धरान, ललिलतपुर, भक्तपुर, नारायणगढ, हेटौंडा, इटहरी, बिर्तामोड, बनेपा, परासी, तौलिहवा लगायतमा देशका प्रमुख शहर र जिल्लाबाट खेलाडी सहभागी भएका नेपाल बिलियार्डस् स्नुकर एण्ड पुल एशोसियसन रुपन्देहीका अध्यक्ष सुजन पुनले बताए। प्रतियोगिताको विजेता खेलाडीले ३ लाख ३ हजार, उपविजेताले १ लाख १ हजार रुपैया र हाइएस्ट ब्रेकरले ५५ हजार रुपैया नगद पुरस्कार प्राप्त गर्ने अध्यक्ष पुनले बताए। सेमिफाईनलमा पुग्ने खेलाडीहरुलाई नगद ३०-३० हजार रुपैया, राईजिङ स्टार र अनुशासित खेलाडीलाई स्नुकर स्टिकबाट पुरस्कृत गरिने खेल संयोजक शिशिर गुरुङले बताए।

स्नुकरमा हालसम्मकै सर्वाधिक पुरस्कार राशीको यो प्रतियोगिताले बुटवलको पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्नेछ।

प्रतियोगितालाई बुटवल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष तथा सिंह कम्प्लेक्सका सञ्चालक महेशमान सिंहबाट ३ लाख ३ हजार र आवास ग्रुपका प्रबन्ध निर्देशक महेश थैवबाट एक लाख रुपैयां आर्थिक सहयोग भएको अध्यक्ष पुनले बताए।

प्रतियोगिता सम्पन्न गर्न कोषाध्यक्ष अमिन थापाको संयोजकत्वमा आर्थिक समिति,कुनल श्रेष्ठको संयोजकत्वमा खेलाडी तथा आवास व्यवस्थापन समिति, विजय गुरुङको संयोजकत्वमा जिन्सी समिति गठन गरी तयारीका काम अन्तिम चरणमा पुगेका अध्यक्ष पुनले बताए।


## सुत्केरीको स्वास्थ्यमा ध्यान पुऱ्याऔं।

- गर्भावस्थामा कम्तिमा आठ पटक स्वास्थ्य जाँच गराऔं।
- स्वास्थ्य संस्थामा नै प्रसुति सेवा लिऔं।
-नियमित पोषिलो खानेकुरा खुवाऔं।
-बच्चा जन्मने बित्तिकै बिगौती दुध खुवाऔं।
-छ महिनासम्म आमाको दुधमात्र खुवाऔं।
-बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं।
-राष्ट्रिय खोप तालिका अनुसार बालबालिकालाई सबै खोप लगाऔं।

नेपाल सरकार विज्ञापन बोर्ड


# नर्सरी व्यवसायी सघ रूपन्देही गठन



बुटवल। रुपन्देहीमा छरिएर रहेका नर्सरी व्यवसायीलाई संगठीत गर्ने उद्देश्यले नर्सरी व्यवसायी सघ नेपाल रुपन्देही गठन भएको छ। जिल्लाका विभिन्न स्थानीय तहमा रहेका व्यवसायीको बुटवलमा भएको भेलाले भैरहवाका गोपाल खरेल अध्यक्ष रहेको जिल्ला कार्यसमिति गठन गरेको हो।

संघको उपाध्यक्ष कृष्णबहादुर गुरुङ, सचिव गोपालप्रसाद पाण्डे, कोषाध्यक्ष मिलन पन्थी, सह-सचिव दिलिपकुमार चौधरी रहेका छन्। यस्तै कार्यसमिति सदस्यहरुमा मधुकुमारी भट्टराई, भुवनेश्वर न्यौपाने, उत्सव गैरे, गोकर्णराज पैनी, दीपक पन्त र दीपक भगत माली रहेका छन्।

भेलाको उद्घाटनमा बोल्दै नर्सरी व्यवसायी संघ नेपालका अध्यक्ष रामजीप्रसाद तिमिल्सेना,वरिष्ठ उपाध्यक्ष रविनकुमार गौतम, महासचिव विनोद घिमिरे, लुफ्यान रुपन्देही अध्यक्ष रमेश पाण्डे, चेरिस नर्सरीका सञ्चालक भक्तबहादुर खड्कालगायतले विभिन्न क्षेत्रका नर्सरी व्यवसायीलाई एउटै छाताभित्र गोलबन्द गरी व्यवसायिक हक हित र व्यवसाय प्रवर्द्धनका लागि संगठित भएर अघि बढ्नुपर्नेमा जोड दिएका थिए।

नेपालमा करिब १० हजार नर्सरी व्यवसायी रहेका र वार्षिक १० अर्ब बढीको कारोबार हुने गरेको अनुमानित तथ्यांक छ। जसमध्ये फूल, बिउसहित एक अर्ब बढीको नर्सरीजन्य वस्तु आयात हुने गरेको छ।


## कर्मचारी आवश्यकता

(विज्ञापन प्रकाशित मिति :२०८१/११/१२ गते)

नेपाल राष्ट्र बैंकवाट "३" वर्गको इजाजतपत्र प्रात राष्ट्रियस्तरको उन्नति सहकार्य लघूवित्तवित्तीय संस्था लिमिटेडलाई देहाय बमोजिमको पदमा कर्मचारी आवश्यक भएकोले योग्यता पूगेका परिणाममुखी इच्छूक नेपाली नागरिकवाट सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालय वा ईमेल ठेगाना vacancyunnatimfi2076@gmail.com मार्फत कार्यालय समयमा आइपूग्ने गरी दरखास्त आह्वान गरिन्छ।

| विशपन नं | पद | श्रेणी | संख्या | योग्यता |
|---|---|---|---|---|
| ९/२०८१/०८२ | अधिकृत (आई.टि) | अधिकृत | १ | मान्यता प्राप्त शैक्षिक संस्थावाट सुचना प्रविधी विषयमा स्नातक तह वा सो सरहको परीक्षा उतीर्ण गरी बैंक तथा वित्तीय संस्थाको कार्यानूभव भएकालाई प्राथमिकता दिईने छ। |

**विज्ञापन सम्बन्धी थप ब्यवस्थाहरुः**

१. दरखास्त दिने प्रकृयाः विज्ञापन नं. उल्लेख गरी तोकिएको ढाँचामा दरखास्त फाराम भर्नू पर्नेछ। फारामका साथ नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, अनूभव तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि, यस वित्तीय संस्थामा सेवा गर्न ईच्छुक हूनूको वारेमा १ पेजको हस्त लिखित आलेख सहितको निवेदन तथा वायोडाटा (CV) समलग्न गरी पेश गर्नू पर्नेछ।
२. उमेरको हदः आवेदन दिने अन्तिम मितिसम्म अधिकृत श्रेणीको लागि २१ वर्ष पूरा भइ ४० वर्ष ननाघेको, महिला उम्मेदवारहरुको हकमा माथिल्लो उमेरको हदमा ५ वर्ष थप हूनेछ, वित्तीय संस्थामा वहालवाला कर्मचारीलाई उल्लेखित उमेरको हद लाग्ने छैन।
३. परीक्षाको किसिमः अन्तरवार्ता तथा प्रस्तूतिकरण रहनेछ।
४. तलव, भत्ता तथा अन्य सूविधा : वित्तीय सस्थाको नियमानूसार।

नोट : रितपुर्वक प्राप्त दरखास्तहरु मध्यबाट छोटो सुचीमा परेका उम्मेदवारलाई मात्र छनौट प्रकृयाको लागि सम्पर्क गरिनेछ। अन्तरवार्तामा आउदा सम्वन्धित कागजातहरुको सक्कल प्रमाण पत्रहरु साथ ल्याउनू पर्नेछ। कर्मचारी छनौट प्रकृया स्थगन गर्ने, रद्ध गर्ने, लगायत कर्मचारी छनौट सम्वन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार यस वित्तीय संस्थाको पदपुर्ति समितिमा निहित रहनेछ।

**पदपर्ति समितिः**

उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड
Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited
सि.न.पा–१२, रुपन्देही



## मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

नवलपरासी(बर्दघाट सुस्तापूर्व), गण्डकी प्रदेश, नेपाल

## कवाडी जन्य सामानको लिलाम बिक्रीको लागि शिलबन्दी बोलपत्र सम्बन्धी बढाबढ सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति २०८१/११/१२**

यस नगरपालिकामा फोहरमैला ब्यबस्थापनबाट आ.ब. २०८०/८१, २०८१/८२ पौषसम्म संकलन गरी पृथकीकरण गरिएको कवाडी सामग्री तथा २०८२/८३ को आश्विन महिनासम्म संकलन हुने कवाडी जन्य सामग्री जे जस्तो अवस्थामा छ सोहि अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गर्नुपर्ने भएकोले इच्छुक, फर्म,कम्पनी वा संस्थाले देहायेका शर्तहरुको अधिनमा रही ठेक्का नम्बर अनुसारको शिलबन्दी फारम खरिद गरी रितपूर्वक शिलबन्दी बोलपत्र पेश गर्न ३०(तीस) दिने यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम अंक रु.(भ्याट बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | २ /२०८१/०८२ | मध्यविन्दु नगरपालिकाको मा फोहरमैला पृथकीकरण गरी संकलन गरिएको कवाडी जन्य सामग्री | ३३,१४,८१२.३४/- | ३०००/- |

**शर्तहरुः–**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मिति २०८१/११/१२ गते देखि ३० दिन (मिति २०८१/१२/१२) गते कार्यालय समय भित्र गत आर्थिक वर्षका लागि नविकरण भएको ईजाजत पत्र, आयकर तथा मु.अ.कर. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ माथि उल्लिखीत दस्तुर (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा जम्मा गरी सरसफाई प्रवर्द्धन तथा जैविक मल इकाई बाट बोलपत्र खरिद गर्न सकिने छ।

२) बोलपत्र मिति २०८१/१२/१३ गते मध्यान्ह १२:०० बजे भित्र यस कार्यालय दर्ता गर्नुपर्नेछ। बोलपत्र दाखिला गर्दा शिलबन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर र कामको विवरण तथा बोलपत्रवालाको नाम ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नुपर्ने छ। बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनीक विदा परेमा कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ।

३) बोलपत्रका साथ आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लि. चोरमारा शाखामा धरौटी खाता नं. ३१८०३००००३००१००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको जमानत पत्र (Performance Bond) सङ्लग्न गरी पेश गर्नुपर्ने छ।

४) म्याद भित्र दर्ता भएका शिलबन्दी बोलपत्रहरु दर्ता भएको अन्तिम दिनको २:०० बजे पछि कार्यालयका प्रतिनिधि वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। म्याद नाघी आएको, कार्यालयबाट विक्री नभएको शिलबन्दी बोलपत्र फारम भरी आएको बोलपत्र वालाको दस्तखत एवं छाप नभएको र प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन। बोलपत्रवालाको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

५) शिलबन्दी बोलपत्र स्वीकृत भएको सूचना प्राप्त भएकोले मितिले बाटो म्याद बाहेक ७ दिन भित्र आफुले कवोल गरेको अंकको एकमुष्ट रकम राजश्व शाखामा नगदै वा यस कार्यालयको नामा रहेको नेपाल बैंक लि. चोरमारा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३१८०३००००१००१००००१ मा जम्मा गरी सक्कल बैंक भौचर पेश गरी ठेक्का कवोलियत गर्न आउनु पर्नेछ।

६) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बांकी रहेको फर्महरुले बांकी रकम चुक्ता नगरे सम्म र पेस्की/ बेरुजु बाँकी हुनेले फर्छ्यौट नगरे सम्म बोलपत्र खरिद गर्न पाउने छैन।

७) यसमा उल्लेख भएको कुराहरु यस बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ। साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएको निर्देशनहरुको बोलपत्रवालाले पालना गर्नु पर्नेछ।

८) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ।

**प्रमुख प्रशासकिय अधिकृत**
**मध्यविन्दु नगरपालिका**



## ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.

९७४५४०५९७३, ९८०७४०९८५२

सेप्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com